नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : १/२०७४-७५** **मितिः २०७४/४/२६**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ (मिति २०७४।३।२६ सम्म संशोधित) मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र : १/२०७४ को दफा १.६.२ खण्ड (ख) लाई देहाय वमोजिम संशोधन गरिएको छ ।**

भारतको उत्पादनकर्ता फर्म/कम्पनीबाट मात्र त्यस्ता मालसामान आयात गर्नु पर्नेछ । यदि कुनै भारतीय उत्पादनकर्ता फर्म/कम्पनीले आफुले उत्पादन गरेको सामान आफैले बेच्ने नभई आफ्नो Sole Agent बाट मात्र विक्री वितरणको कार्य गर्ने गरेको अवस्था विद्यमान भएमा त्यस्ता Sole Agent बाट पनि परिवर्त्य विदेशी मुद्रामा भारतबाट तोकिएका वस्तुहरु आयात गर्न सकिनेछ । यसका लागि उत्पादनकर्ता फर्म/कम्पनीबाट तोकिएको Sole Agent भएको प्रमाणपत्र लिनुपर्नेछ । प्रतितपत्रका कागजातहरुका साथमा Letter of Undertaking-LUT/Bond No. समेत उल्लेख भएको सम्बन्धित उत्पादनकर्ता वा Sole Agent बाट जारी गरिएको शुन्य एकिकृत वस्तु तथा सेवा कर लागेको (Zero Integrated Goods and Services Tax–IGST Free) Tax invoice संलग्न भएको हुनुपर्नेछ ।

२. **एकीकृत इ.प्रा. परिपत्र : १/२०७४ को दफा १.६.३ को व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

**१.६.३ प्रत्येक प्रतीतपत्रमा अनिवार्य रूपमा निम्न व्यहोरा उल्लेख गर्नुपर्नेछ ।**

(क) प्रत्येक प्रतीतपत्र अन्तर्गत शुन्य एकिकृत वस्तु तथा सेवा कर लागेको (Zero Integrated Goods and Services Tax–IGST Free) Tax invoice संलग्न भएको हुनुपर्नेछ । साथै, सो Tax Invoice मा LUT/Bond No. अनिवार्य रुपले उल्लेख भएको हुनुपर्नेछ ।

तर, निर्यातकर्ता भारतको विशेष आर्थिक क्षेत्र (Special Economic Zone) भित्रको निकाय हो भने त्यस्तो निर्यातको हकमा माथि उल्लिखित कागजात आवश्यक पर्ने छैन । तर, त्यस्तो निर्यात विशेष आर्थिक क्षेत्र (Special Economic Zone) बाट नै भएको व्यहोरा सम्बन्धित भारतीय भन्सारबाट प्रमाणित भई आएको हुनु पर्नेछ ।

(ख) यस्तो प्रतीतपत्र अन्तर्गत नियमानुसार जारी गरिने वि.वि.नि.फा.नं.४ मा अन्य व्यहोराको अतिरिक्त माथि दफा १.६.३ को खण्ड (क) मा व्यवस्था भए बमोजिमको कागजातमा उल्लिखित Tax invoice नम्बर र मिति अनिवार्य रूपले उल्लेख गर्नु पर्नेछ ।

(ग) नेपाल तयारी पोसाक उद्योग संघले सिफारिस गरेको आधारमा नेपालका तयारी पोसाक उद्योगहरूले परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी भारतबाट आयात गर्ने पावरलुम कपडा, यार्न डाईड कपडा (सुती रेयन आदि) र निटेड कपडाको हकमा समेत IGST Free Tax Invoice संलग्न गर्नुपर्नेछ ।

**३. एकिकृत इ.प्रा.परिपत्र १/२०७४ को दफा १.७.१९ पश्चात देहाय बमोजिम दफा १.७.२० थप गरिएको छ ।**

हवाईजहाज, दुरसञ्चार र मेडिकल इक्वीपमेण्टका पार्टपूर्जाहरु तत्काले विदेशबाट मगाउनु परेको अवस्थामा र बिक्रेताले उधारोमा दिएमा अधिकतम अमेरिकी डलर १० हजार मूल्य सम्मका त्यस्ता सामानहरु त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भन्सार नाकाबाट आयात गर्न सकिने छ । यसरी आयात भएका सामानका लागि वि.वि.नि.फाराम जारी गर्न आवश्यक हुनेछैन र यस्ता सामानहरु नियमानुसार भन्सार जाँच पास भई आएको ९० दिनभित्र सम्बन्धित कागजातका आधारमा भुक्तानी पठाउन सकिने छ ।

**४. एकिकृत इ.प्रा.परिपत्र १/२०७४ को दफा १.८.२ को व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

उल्लेखित व्यवस्था अन्तर्गत रही बिभिन्न निकाय, आयोजना, परियोजना तथा अन्य संगठित निकायहरुले ग्लोबल टेण्डर अन्तर्गत भारतबाट आयात गर्ने वस्तुको हकमा IGST Free Tax invoice आवश्यक पर्ने छैन ।

**५. एकिकृत इ.प्रा.परिपत्र १/२०७४ को दफा १.१० मा देहाय बमोजिम उपदफा १.१०.३ थप गरिएको छ ।**

१.१०.३ नेपालका वायुसेवा प्रदायक कम्पनीहरुमा कार्यरत विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधी वहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानून बमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७५ (पचहत्तर) प्रतिशतसम्मको रकम यस बैंकले प्रदान गरेको अधिकतम १ वर्ष सम्मको स्थायी अनुमतिपत्रको आधारमा देहायका कागजात लिई परिवर्त्य विदेशी मुद्रामा (भारतीय नागरिकको हकमा भारतीय मुद्रामा) सम्बन्धित मुलुकमा पठाउन सकिने छ ।

(क) आवश्यक कागजातहरु :

(१) सम्बन्धित व्यक्तिको निवेदन
(२) वायुसेवा प्रदायक कम्पनीको सिफारिसपत्र
(३) नेपाल सरकार, श्रम विभागको श्रम स्वीकृति पत्र
(४) कर्मचारी परिचयपत्र र नियुक्तिपत्र/सम्झौतापत्र
(५) पारिश्रमिक कर तिरेको प्रमाण वा भौचरको प्रतिलिपि
(६) प्रवेशाज्ञा (भिसा) वहाल सम्बन्धी प्रमाण (भारतीय नागरिक वाहेकको हकमा)

(ख) सञ्चयकोष, अवकास कोष र उपदान बापतको रकमको हकमा नियमानुसार लाग्ने कर कट्टा गरी पाउने पुरै रकम पठाउन सकिनेछ ।

**६. एकिकृत इ.प्रा.परिपत्र १/२०७४ को दफा १.११.१ को खण्ड (न) पश्चात देहाय बमोजिम खण्ड (प) थप गरिएको छ ।**

भारतबाट अनुसूची १.१७ मा उल्लिखित खाद्य तथा पेय पदार्थ आयात गर्दा नेपाल सरकार, कृषि विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको पूर्व स्वीकृति लिनु पर्नेछ । आयात सम्बन्धी कागजातमा उल्लिखित आयातकर्ता, निर्यातकर्ता, परिमाण र मूल्य सम्बन्धि विवरण त्यस्तो अनुमतिपत्रमा उल्लेख भएको विवरणसंग मेल खाएको हुनुपर्नेछ ।

**७. एकिकृत इ.प्रा.परिपत्र २०/२०७४ को दफा १ को खण्ड (ज) को पहिलो अनुच्छेद पश्चात देहायको व्यवस्था थप गरिएको छ ।**

तर, पूर्ण तरल सरकारी सुरक्षणपत्रमा भने उपरोक्त सीमाभित्र रही अधिकतम ५ वर्षसम्मका लागि लगानी गर्न सक्नेछन् ।

**८. एकिकृत इ.प्रा.परिपत्र २१/२०७४ को दफा १ को खण्ड (ट) पश्चात देहाय बमोजिम खण्ड (ठ) थप गरिएको छ ।**

(ठ) होटलले आफ्ना ग्राहकलाई सटही दिन सक्ने सम्बन्धमा :

१. इजाजतपत्रप्राप्त होटलहरुले आफ्ना ग्राहकलाई आवश्यक परेमा सटही सुविधा प्रदान गर्न सक्नेछन ।

२. होटलहरुले प्रति ग्राहक अधिकतम अमेरिकी डलर ३०० वा सो बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा एक बसाई अवधीमा एक पटकको लागि मात्र सटही प्रदान गर्न सक्नेछन ।

३. नगद परिवर्त्य विदेशी मुद्रा खरिद गरी सटही प्रदान गर्दा यस विभागबाट जारी एकिकृत इ.प्रा. परिपत्र:२७/२०७४ को व्यवस्था बमोजिम विदेशी मुद्रा सटही रसीद Foreign Exchange Encashment Receipt (FEER) जारी गर्नुपर्नेछ । यसरी जारी गरिएको FEER को मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

भवदीय

(रमेश कुमार पोखरेल)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय
५. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
६. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
७. श्री नेपाल सरकार, भन्सार विभाग
८. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१२. श्री नेपाल बैंकर्स संघ
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१४. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१५. श्री नेपाल उद्योग परिसंघ